मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
कलैया, बारा

फोन नं.:०५३-५५००१७
फ्याक्स नं.: ०५३-५५१२१७
वेबसाईट: https://akcbara.madhesh.gov.np
ईमेल: dado.bara@yahoo.com

च्याउ प्रवर्द्धन कार्यक्रम संचालन सम्वन्धि विस्तृत सूचना।

प्रथम पटक प्रकाशन मिति:- २०८३।०६।२६ गते
संशोधित सुचना:- २०८३।०६।२८ गते

यस कृषि ज्ञान केन्द्र बाराको चालू आ.ब. २०८३।८४ को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम च्याउ प्रवर्द्धन कार्यक्रम रहेकोले यस जिल्ला भित्रका ईच्छुक कृषक/कृषक समूह/कृषि उद्यमि/कृषि सहकारी हरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशन भएको मितिले १७ दिन भित्र अर्थात (२०८३।०७।११ गते सम्म) यस कार्यालयमा तोकीएको ढाँचामा आवेदन दर्ता गर्नहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ।साथै यस विषयमा थप जानकारिका लागि यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ तथा आवेदनको ढाँचा यस कार्यालयको वेबसाईट https://akcbara.madhesh.gov.np बाट प्राप्त गर्न सकिनेछ।

आवश्यक कागजपत्रहरु

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा निवेदन
२. सम्बन्धित निकायमा समूह/सहकारी/फर्म दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपी तथा PAN दर्ता प्रमाण पत्रको प्रतिलिपी
३. अघिल्लो आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
४. कृषक समूह/सहकारीहरुको हकमा कार्यक्रम माग सम्वन्धि निर्णय स्वंयम प्रमाणित गरी पेश गर्नुपर्नेछ र अख्तियारी पत्र समेत पेस गर्नुपर्नेछ।
५. नेपाली नागरिकताको प्रतिलिपी।
६. सम्बन्धित स्थानिय तहको सिफारिस
७. माग गरेको योजनाको लागत इस्टिमेट कार्ययोजना श्रोत सुनिश्चितता र आफ्नो लगानि अनुपातको प्रतिवद्धता पत्र।

अनुदानका शर्तहरु

१. कृषक समूह/ कृषि सहकारीहरुको हकमा न्यूनतम १०० केजी बीउ र कृषकको हकमा न्यूनतम ५ केजी बीउ प्रयोग गरी च्याउ उत्पादन गर्न ईच्छुक भएका कृषक/कृषि समूह/कृषि सहकारी/कृषि उद्यमि ।
२. कृषक/कृषि समुह/ कृषि सहकारी र उद्यमीहरुको हकमा तल उल्लेखित अनुदान लक्षित कार्यक्रम वर्गिकरण "क" र "ख" दुवैमा आवेदन दिन सक्ने छ।
   क. उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रम (कन्ये च्याउ बिउ, मल, कम्पोष्ट तथा प्याकिङ्ग प्लाष्टिक लगायतका उत्पादन समाग्रि, च्याउ उत्पादन सम्बद्ध यन्त्र उपकरण तथा पूर्वाधार, तालिम तथा क्षमता अभिवृद्धि)
   ख. उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम (प्रशोधन, प्याकेजिङ्ग, भण्डारण, लेवलिङ्ग र पोष्ट हार्भेष्ट उपकरण)
३. यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्यविधि परिमार्जन/संशोधन भए अनुसार थप/घट हुनेछ।
४. गत आ.व मा अनुदान नपाएका, उन्नत प्रविधि अवलम्वन गरेका व्यवसायी खेति गर्ने वढी लागत सहभागिता भएको व्यक्ति/संस्थालाई प्राथमिकता दिईनेछ।
५. रित नपुगेका, म्याद नाघेका, झुठ्ठा विवरण पेश गरेको प्रमाणित भएमा जुनसुकै बेला आवेदन रद्द हुनेछ
६. छोटो सुचिमा नपरेका/रित नपुगेका प्रस्तावहरु छनौटका लागि समावेश/स्थलगत निरीक्षण गरिने छैन।
७. अधिकतम अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ मा व्यवस्था भए वमोजिम कायम हुनेछ।
८. प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचनासँग सम्बन्धित सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

राजनारायण प्र. साह
निमित प्रमुख